# पहिचान ई- बुलेटिन

अप्रिल- जुन, २०२५

वर्ष ४ अंक ११



## भित्र


- चितवनमा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको क्षमता विकास तालिम सम्पन्न
- अपाङ्गता भएका व्यक्तिको संस्था बागमती प्रदेशबाट वित्तीय सहयोग
- अपाङ्गताको क्षेत्रमा केहि उपलब्धिहरु




यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला।

९८०१५७१२२५

"अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं।"

# चितवनका नगरपालिका स्तरमा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको क्षमता विकास तालिम सम्पन्न



नेपाल अपाङ्ग महिला संघ (NDWA) ले चितवन जिल्लाका कालिका, इच्छाकामना, र माडी नगरपालिकामा दुई-दिने नगरपालिका-स्तरीय क्षमता विकास तालिम सफलतापूर्वक सम्पन्न गरेको छ। यो कार्यक्रम NDWA को लक्ष्य अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त बनाउने तथा अपाङ्गता भएका व्यक्तिहरूको संस्था (OPDs) को आवाज सुदृढ बनाउने प्रतिबद्धताको निरन्तरता हो।

तालिमको मुख्य उद्देश्य OPDका नेतृत्वहरूलाई अपाङ्गता अधिकार, वित्तीय साक्षरता, तथा समावेशी पैरवीका रणनीतिहरूको बारेमा क्षमता अभिवृद्धि गरि सशक्त बनाउने थियो । जसले उनीहरूलाई आफ्ना समुदायमा अपाङ्गता भएका व्यक्तिहरूका लागि वित्तीय पहुँच र आर्थिक अवसरहरू विस्तार गर्न सशक्त बनाउँछ।

कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरूको महत्वपूर्ण योगदान थियो। प्रशिक्षकहरूमा CBM Global नेपालका वित्तीय समावेशीकरण विशेषज्ञ श्री विश्व राम श्रेष्ठ, SAPPROS का परियोजना संयोजक श्री केदारनाथ पौडेल, र NDWA का GEDSI सल्लाहकार श्री मिलन खराल बाट भएको थियो। वित्तीय साक्षरता सम्बन्धी सत्रहरू FAIDA परियोजनाबाट प्रमाणित स्थानीय प्रशिक्षकहरू—कालिकाबाट श्री कविता आचार्य र माडीबाट श्री पविता सुबेदी आचार्य—द्वारा सञ्चालन गरिएको थियो। यी प्रशिक्षकहरू अहिले आफ्ना नगरपालिकामा वित्तीय साक्षरताको अभियानलाई अगाडि बढाउँदै छन्।

# अपाङ्गता भएका महिलाहरूको लागि पहुँचयुक्त न्याय प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच सुनिश्चित गर्न एकदिने अभिमुखीकरण कार्यक्रम काठमाडौंको होटल येलो प्यागोडा सम्पन्न भयो। NDWA द्वारा सञ्चालन गरिएको कार्यक्रममा १४ वटा प्रहरी वृत्तका प्रहरी, बार एशोसिएसनका सदस्यहरू, अपाङ्गता भएका महिला, र OPDs का प्रतिनिधिहरू सहित ३८ जना सहभागी हुन भएको थियो।

कार्यक्रममा सङ्घ का अध्यक्ष मीना पौडेल सङ्घले गरेको मुख्य काम, संघको गतिविधि, न्याय प्राप्त गर्न भएका चुनौती, न्यायका लागी भएका केही प्रावधान र विभिन्न सेवा प्रदायकहरुका लागि सुझाव साथै अपाङ्गता सम्बन्धी सम्मानीत शव्दावली को विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । यसै गरी डा विध्या चापागाईंले सङ्घले गरेको पोलिसी पुनरावलोकनको निष्कर्ष सुझाव विशेष गरी अपाङ्गता भएका महिलाहरूको न्याय प्राप्तिमा अवरोध, कानुनी झंझट, र सुधारका लागि सुझावहरु प्रस्तुत गरिएको थियो। सहभागीहरूले लैंगिक र अपाङ्गता संवेदनशील दृष्टिकोणबाट काम गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा अपांगता सम्बन्धी मर्यादित शब्दावली समेटिएको फ्लेक्स पनि वितरण गरियो।

# खैरेनी र राप्ती नगरपालिकाका अपाङ्गता भएका व्यक्तिको संस्थालाई बागमती प्रदेशबाट वित्तीय सहयोग




नेपाल अपाङ्ग महिला संघको सहयोगमा फाइदा परियोजना अन्तर्गत खैरेनी नगर अपाङ्गता समन्वय संस्था, खैरेनी र अपाङ्गता समन्वय समिति, राप्तीले बागमती प्रदेशको सामाजिक विकाश मन्त्रालयमा प्रस्ताव राखेको र उक्त प्रस्ताव स्वीकृत भई मन्त्रालयले ५-५ लाख दुवै संस्था  लाई प्रदान गर्यो।

खैरेनी नगर अपाङ्गता समन्वय संस्थाले सिप विकास, अम्दानीको स्रोतको वृद्धि र आर्थिक सबलीकरणलाई मध्यनजर गर्दै वातावरण मैत्री झोला बनाउने तालिम दिने निर्णय गर्यो। त्यसैगरि अपाङ्गता समन्वय समिति राप्तीले सिलाई-कटाई सम्बन्धि तालिम दिईनेछ । दुवै संस्थाको तालिम अपाङ्गता भएको व्यक्तिहरु र उनीहरुको परिवारलाई लक्षित् गरेर संचालन गरिनेछ ।

## नगरपालिका परियोजना सल्लाहकार समिति बैठक



नेपाल अपाङ्ग महिला संघले अप्रिल, २०२५ मा नगरपालिका परियोजना सल्लाहकार समिति वैठक संचालन गरेको छ। परियोजना अन्तर्गत १ वर्षको योजना, प्रतिफलको विषयमा प्रस्तुतिकरण गरिएको थियो । बैठकमा तारकेश्वर नगरपालिकाका नगरप्रमुख तथा विभिन्न शाखाका प्रतिनिधिहरु र वडा कार्यलयहरुका सदस्यहरु र कर्मचारीहरु सहभागी भएका थिए। त्यसैगरी महिला तथा बालबालिका र जेष्ठनागरिक शाखाको प्रमुख श्री प्रतिमा मिश्र द्वारा पालिकाले अपाङ्गताको क्षेत्रमा भए गरेका कामको बारे जानकारी दिईयो। संघले २०२४ सालमा गएको सम्पूर्ण कार्यक्रमहरुको विस्तृत जानकारी, परियोजनाको अवस्था र मुख्य उपलब्धिहरू, चुनौतीहरू र सिकाईहरु बारे छलफल गरेको थियो ।

# संयुक्त समीक्षा बैठक तथा GEDSI अभिमुखीकरण

नेपाल अपाङ्ग महिला संघले र NCE नेपाल संग सहकार्य गर्दै ACCESS परियोजना अन्तर्गत १६ ओटा पालिकामा संयुक्त समिक्षा बैठक र GEDSI अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमको उदेश्य पालिका स्थारिय शिक्षा क्षेत्रमा जोखिमहरू पहिचान गर्ने, सहयोग सुदृढ गर्ने, र स्थानीय पहलहरूलाई सुदृढ गर्ने र विद्यालय सुधार योजनाहरू (SIP), बालिका तथा समावेशी शिक्षा सञ्जाल (GEIN), र गुनासो प्रतिक्रिया संयन्त्र (CRM) जस्ता प्रक्रियाहरुलाई विस्तार गर्ने थियो । कार्यक्रममा सहभागीहरुलाई लैंगिक समानता अपाङ्गता र सामाजिक समाबेशीकरण बारे पनि अभिमुखीकरण गरियो।





## अपङ्गताको क्षेत्रमा केहि उपलब्धिहरु

- बडीकेदार गाऊँपालिका, डोटीले गर्यो अपाङ्गताको लागि बजेट विनियोजन
- माडी गाऊँपालिका, चितवनले गर्यो अपाङ्गता भएका व्यक्तिको लागि बजेट विनियोजन
- अर्नमा गाऊँपालिका, सिराहाले अपाङ्गता मैत्री संरचनाको प्रतिबद्धता
- बागमती प्रदेशबाट चितवनका दुई संस्थाहरुलाई वित्तीय सहयोग

## केन्द्रीय कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कालोपुल, काठमाडौँ, नेपाल

**फोन**
०१-४५३५१३१

**ईमेल**
ndwa.2009@gmail.com,
info@ndwa,org.np

## प्रादेशिक कार्यलय

नेपाल अपाङ्ग महिला संघ
कन्चनपुर, सुदुरपश्चिम प्रदेश

**फोन**
९८४८७१५५६१

नेपाल अपाङ्ग महिला संघ
मोरंग , कोशी प्रदेश

**फोन**
९८५२०५७०११

**यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला ।**

**९८०१५७१२२५**